

# बजार अवलोकन ४०

चैत्र, २०६८

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि तथा सहकारी मन्त्रालय कृषि विभाग, कृषि व्यावसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द

उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***गत एक महिनाको अवधिमा विभिन्न बजारहरुमा गरिएका प्राय खाद्य बस्तुहरुको अनुगमनले खुद्रा मूल्यहरुमा सामान्य उतारचढाव आएको देखाएको छ जुन देशभर बजारहरु सामान्य रुपमा सञ्चालनमा आएको संकेत हो ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो रिपोर्ट अनुसार २०६८ चैत्र महिनामा वार्षिक मूल्य स्फीति ७.० प्रतिशतमा कायम रह्यो भने खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १७.३ प्रतिशत बृद्धिको तुलनामा मात्र ४.२ प्रतिशतमा कायम रह्यो ।***
- ***चैत्र महिनाको अन्तिम बाट स्थानीय तथा राष्ट्रिय स्तरमा सुरु भएका बन्द तथा हडतालका कार्यक्रमहरुले मुख्यत पहाडी तथा हिमाली बजारहरुमा खाद्य बस्तुहरुको आपूर्तिमा अवरोध पुऱ्यायो । यदि यस्ता बन्द हडतालका कार्यक्रमहरु लामो समय सम्म कायम रहेमा यसले खाद्य बस्तु तथा अत्यावश्क सामानहरुको अभाव सृजना गर्ने अनुमान छ ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रम द्वारा अनुगमन गरिएका बजारहरुमा प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्य गत एक महिनाको अवधिमा स्थिर रह्यो । मोटा चामल र गहुँको पिठोको औसत मूल्यमा ०.९ प्रतिशत र १.४ प्रतिशतका दरले कमि आई प्रति किलो क्रमश: रु. ३२.५ र रु. ३३.९ भयो । मासको दालको मूल्यमा ०.९ प्रतिशतका दरले कमी आई प्रति किलो रु. १०६.९ भयो भने मुसुरोको मूल्यमा ०.५ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भई प्रति किलो रु. ९२.८ भयो । यसै गरी, रातो आलुको मूल्यमा २.६ प्रतिशतका दरले बृद्धि भई प्रति किलो रु. २३.८ भयो भने भटमासको तेलको मूल्यमा १.६ प्रतिशतका दरले बृद्धि भई प्रति लिटर रु. १३३.६ भयो । २०६८ पुषको तुलनामा रातो आलु र भटमासको तेलको मूल्य बाहेक अन्य मूल्यहरुले घट्दो प्रवृति (trend) देखाए । यसै गरी २०६७ चैत्रको तुलनामा पनि प्राय खाद्य बस्तुहरु को मूल्यले घट्दो प्रवृति देखाए ।

क्षेत्रीय बजारहरुमा मूल्य प्रवृति राष्ट्रिय औसत मूल्यको भन्दा भिन्न छ । उदाहरणका लागि, गत एक महिनामा तराईका बजारहरुमा मोटा चामलको मूल्मा ८.६ प्रतिशतका दरले कमी आयो भने मुख्य उपभोक्ता बजारहरुमा यसको मूल्यमा ५.० प्रतिशतका दरले बृद्धि भयो । गत वर्ष यही समयको तुलनामा यी बजारहरुमा प्राय खाद्य बस्तुहरुको मूल्यले घट्दो प्रवृतिको संकेत गरेका छन् । उद्योग वाणिज्य महासंघ/ कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा प्राय खाद्य बस्तुहरु (मोटा चामल, मास र खानेतेल) को मूल्यले बढ्दो प्रवृति देखाए ।

नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो समग्र आर्थिक अवस्थाको प्रतिवेदन अनुसार, गत वर्ष यही समयको १०.७ प्रतिशतको तुलनामा २०६८ चैत्र महिनामा उपभोक्ता मूल्य सूचकाङ्कमा वार्षिक मूल्य स्फीति ७.० प्रतिशतमा कायम रह्यो । गत वर्ष यही समयको १७.३ प्रतिशत बृद्धिको तुलनामा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क ४.२ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भयो भने अन्नहरुको मूल्य सूचकाङ्क सोही समयको १३.४ प्रतिशतको तुलनामा २.४ प्रतिशतले घट्यो । यद्यपि, २०६७ चैत्रको १३.४ प्रतिशत बृद्धिको तुलनामा २०६८ चैत्र महिनामा यातायातको मूल्य सूचकाङ्क भने १७.० प्रतिशतले बढ्यो ।

### आपूर्ति

२०६८ चैत्र महिनामा विभिन्न राजनीतिक दल र संघ संस्थाहरुले स्थानीय तथा राष्ट्रिय स्तरमा १० भन्दा बढी बन्द हडतालका कार्यक्रमहरु आयोजना गरेका थिए । निरन्तर बन्दका कारण सुदुर पश्चिमाञ्चल क्षेत्रमा सापेक्षिक रुपमा बन्दको बढी प्रभाव परेको छ । बन्दको फलस्वरुप सुदूर पश्चिमाञ्चल क्षेत्रका मुख्यत पहाडी तथा हिमाली जिल्लाहरुमा खाद्य बस्तुहरुको आपूर्तिमा बाधा पुगेको छ । सो क्षेत्रमा औषधी जस्ता अन्य अत्यावश्क बस्तुहरुका साथसाथै खाद्यान्न संचिती घट्दै गएको रिपोर्ट छ । यसले यी बस्तुहरुको अभाव सृजना हुने अनुमान छ । यद्यपि, हालै भित्र्याइएको हिँउदे बालीबाट केही महिनाका लागि भए पनि घरधुरीहरुको खाद्य सँचितीमा बृद्धि आएको हुनाले खाद्य सुरक्षामा अनुमान गरे अनुसार बन्दको गम्भिर प्रभाव परेको देखिएन । यसलाई निकटबाट अनुगमन गर्न जरुरी छ ।

### पूर्वानुमान


ईन्धनको मूल्य बृद्धिका कारण प्रति टन ५ प्रतिशतका दरले यातायात लागतमा बृद्धि भएको छ । यसले विशेष गरी आयातीत खाद्य बस्तुहरुले बजार मूल्य निर्धारण गर्नमा मुख्य भूमिका खेल्ने क्षेत्रहरुमा खाद्य बस्तुहरुको मूल्यमा बृद्धि गराउने अनुमान छ । यसका साथै, निरन्तर बन्दहरुबाट प्रभावित क्षेत्रहरुमा खाद्यान्न आपूर्तिमा बाधा पुग्न गई खाद्यान्न मूल्य बृद्धि हुने अनुमान छ । यद्यपि, हालै हिउँदे बाली भित्र्याइएको हुनाले गहुँको मूल्य भने स्थिर रहने अनुमान छ ।

प्रारम्भिक अनुमानले हिउँदे बालीको उत्पादन गत वर्षको भन्दा बढी हुने संकेत गरेको छ । यसले देशभर खाद्य सुरुक्षा अवस्था सुधार गर्नमा सहयोग पुऱ्याउने अनुमान छ ।


**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/के जि, लि | परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| **कुखुराको मासु** | २७०.० | ५.५ | काठमाडौं उपत्यकाका केही स्थानहरु मा देखा परेको बर्ड फ्लू रोगका कारण गत महिना मूल्यमा भएको तीव्र कमी पश्चात मूल्य बृद्धि भएको । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धित ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०६८ चैत्र महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-४०

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- चैत्र, २०६८

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३५.० | ०.० | ०.० | २.९ | ► | ► | ► |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | -२.८ | ► | ► | ► |
| | भटमासको तेल | १३३.० | ०.० | ०.० | १४.७ | ► | ► | ► |
| | कुखुराको मासु | २४०.० | ६.७ | १७.१ | -२.० | ▲ | ▲ | ► |
| | तोरीको तेल | १३५.० | -१.५ | -१.५ | १२.५ | ► | ► | ► |
| | मास | १०५.० | ०.० | ०.० | -६.७ | ► | ► | ► |
| | मुसुरो | ८३.० | ०.० | ०.० | -१२.६ | ► | ► | ► |
| | आलु | २२.० | ०.० | -१२.० | -४.३ | ► | ▼ | ► |
| पोखरा | मोटा चामल | ४४.० | १०.० | -२.२ | ४.८ | ▲ | ► | ► |
| | गहुँको पिठो | ३३.० | ०.० | ०.० | -१७.५ | ► | ► | ▼ |
| | भटमासको तेल | १३२.० | ५.६ | १.५ | १०.० | ▲ | ► | ► |
| | कुखुराको मासु | ३१०.० | ६.९ | ५२.० | ६.९ | ▲ | ▲ | ► |
| | तोरीको तेल | १५५.० | ३.३ | ३.३ | १४.८ | ► | ► | ► |
| | मास | १०५.० | -२.८ | -२.८ | -४.५ | ► | ► | ► |
| | मुसुरो | ८६.० | १.२ | -४.४ | -९.५ | ► | ► | ► |
| | आलु | २३.८ | ३.५ | ४.४ | १९.० | ► | ► | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | २८.० | १.२ | -१०.८ | -९.७ | ► | ▼ | ► |
| | गहुँको पिठो | २८.७ | १.२ | -२.३ | २.४ | ► | ► | ► |
| | भटमासको तेल | १४०.० | ५.० | १६.७ | ३३.३ | ▲ | ▲ | ▲ |
| | कुखुराको मासु | २५०.० | ४.२ | ४.२ | -५.७ | ► | ► | ► |
| | तोरीको तेल | १४५.० | -२.२ | -२.० | १५.१ | ► | ► | ▲ |
| | मास | ८६.७ | -३.७ | -११.९ | -१३.३ | ► | ▼ | ► |
| | मुसुरो | ७३.३ | ४.८ | -२.२ | -२.२ | ► | ► | ► |
| | आलु | १४.० | २.४ | ०.० | २.९ | ► | ► | ► |
| बिरगंज | मोटा चामल | ३२.० | ३.२ | १८.५ | -३.० | ► | ▲ | ► |
| | गहुँको पिठो | ३४.० | ९.७ | १७.२ | -५.६ | ▲ | ▲ | ► |
| | भटमासको तेल | १३८.० | २.२ | ४.५ | २०.० | ► | ► | ▲ |
| | कुखुराको मासु | २४०.० | ९.१ | ९.१ | ०.० | ▲ | ► | ► |
| | तोरीको तेल | १५५.० | ६.९ | १०.७ | १९.२ | ▲ | ▲ | ▲ |
| | मास | ९९.० | -१.० | ७.६ | ४.२ | ► | ► | ► |
| | मुसुरो | ७५.० | ०.० | १.४ | -१०.७ | ► | ► | ► |
| | आलु | २०.० | ४२.९ | ३३.३ | ४२.९ | ▲ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| धनगढी | मोटा चामल | २५.० | -३३.३ | -२९.८ | -२९.४ | ▼ | ▼ | ▼ |
| | गहुँको पिठो | २२.० | -३३.३ | -३१.३ | -२९.० | ▼ | ▼ | ▼ |
| | भटमासको तेल | ९०.० | -२५.० | -३०.१ | -१०.० | ▼ | ▼ | ► |
| | कुखुराको मासु | २२०.० | -४.३ | २९.४ | -१२.० | ► | ▲ | ► |
| | तोरीको तेल | १५०.० | १.४ | ७.१ | ११.९ | ► | ► | ► |
| | मास | १०५.० | -२७.१ | -२५.० | -२५.० | ▼ | ▼ | ▼ |
| | मुसुरो | १०४.० | -१६.८ | -१३.३ | -५.५ | ▼ | ▼ | ► |
| | आलु | १३.० | -३५.० | -३५.० | ०.० | ▼ | ▼ | ► |
| भैरहवा | मोटा चामल | २५.० | ०.० | ४.२ | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | २२.० | ०.० | -१२.० | ०.० | ► | ▼ | ► |
| | भटमासको तेल | ९०.० | ०.० | ०.० | -५.३ | ► | ► | ► |
| | कुखुराको मासु | २२०.० | ०.० | २२.२ | -८.३ | ► | ▲ | ► |
| | तोरीको तेल | १५०.० | ०.० | ०.० | २०.० | ► | ► | ▲ |
| | मास | १०५.० | ०.० | १०.५ | -१९.२ | ► | ▲ | ▼ |
| | मुसुरो | १०४.० | ०.० | ९.५ | -१३.३ | ► | ► | ► |
| | आलु | १४.० | ०.० | -२२.२ | -६.७ | ► | ▼ | ► |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | २७.० | ०.० | -१०.० | -१८.२ | ► | ► | ▼ |
| | गहुँको पिठो | ३७.० | २.८ | ०.० | २.८ | ► | ► | ► |
| | भटमासको तेल | १४५.० | ७.४ | ७.४ | २०.८ | ▲ | ► | ▲ |
| | कुखुराको मासु | २८०.० | १६.७ | १६.७ | १६.७ | ▲ | ▲ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | -०.८ | ► | ► | ► |
| | मुसुरो | ८०.० | ०.० | -५.९ | -३.६ | ► | ► | ► |
| | आलु | ३०.० | २०.० | २०.० | २०.४ | ▲ | ▲ | ▲ |
| रोल्पा | मोटा चामल | ३३.० | ०.० | ०.० | -१३.२ | ► | ► | ► |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | -४६.२ | ► | ► | ▼ |
| | भटमासको तेल | १४०.० | ०.० | २१.७ | ७.७ | ► | ▲ | ► |
| | कुखुराको मासु | २७०.० | ०.० | -३.६ | -३.६ | ► | ► | ► |
| | मास | १२०.० | २६.३ | ०.० | ०.० | ▲ | ► | ► |
| | मुसुरो | ९५.० | ०.० | -२०.८ | -२६.९ | ► | ▼ | ▼ |
| | आलु | २५.० | ०.० | -२८.६ | ०.० | ► | ▼ | ► |
| सांफेबगर | मोटा चामल | ३५.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | कुखुराको मासु | १६०.० | ०.० | ६.७ | २३.१ | ► | ► | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | आलु | ३०.० | ०.० | -१४.३ | ०.० | ► | ▼ | ► |
| जुम्ला | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | ६०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | भटमासको तेल | १७०.० | ०.० | ०.० | ६.३ | ► | ► | ► |
| | कुखुराको मासु | ३२०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मास | १००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मुसुरो | १००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | आलु | ४०.० | ०.० | ०.० | १६६.७ | ► | ► | ▲ |
| बाजुरा | मोटा चामल | २९.० | -६.५ | -३.३ | -१४.७ | ▼ | ► | ► |
| | गहुँको पिठो | ३१.० | -३.१ | -१३.९ | -१३.९ | ► | ▼ | ► |
| | सीमी | १००.० | ०.० | -१६.७ | ०.० | ► | ▼ | ► |
| | मास | १००.० | ०.० | ०.० | -४.८ | ► | ► | ► |
| | मुसुरो | १००.० | ०.० | ०.० | -४.८ | ► | ► | ► |
| | आलु | ३०.० | ०.० | २०.० | ०.० | ► | ▲ | ► |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | २४०.० | ०.० | ०.० | ११८.२ | ► | ► | ▲ |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | सीमी | १००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| डोल्पा | मोटा चामल | ९०.० | ०.० | ०.० | -५.३ | ► | ► | ► |
| | गहुँको पिठो | १३०.० | ०.० | ०.० | - | ► | ► | - |
| | भटमासको तेल | २००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | सीमी | २००.० | ०.० | ०.० | ३३.३ | ► | ► | ▲ |
| | मास | २००.० | ०.० | ०.० | १७.६ | ► | ► | ▲ |
| | मुसुरो | २००.० | ५३.८ | ०.० | ०.० | ▲ | ► | ► |
| | आलु | ३५.० | -१२.५ | -१२.५ | ०.० | ▼ | ▼ | ► |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
► सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।